# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

सूचना नं. ८९-२०८२/८३ "संस्कृति, पर्यटन, कृषि र पूर्वाधार: समावेशी सुनकोशी समृद्धिको आधार"

## धान बालीको उन्नत बीउ ५०% अनुदानमा वितरण गर्ने सम्बन्धी सूचना ।

(प्रकाशित मितिः २०८२/१२/२०)

सुनकोशी गाउँपालिकाद्वारा आ.व. २०८२/०८३ मा संचालन हुने खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम **"बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थान कार्यविधि, २०८२"** को अधिनमा रही सञ्चालन हुने भएकोले तथा कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुरको मिति २०८२/१२/१९ गतेको सूचना बमोजिम **Digitally Enabled Seed Management System (DESES)** मार्फत माग प्रबिष्ट गर्नुपर्ने भएको हुँदा यस गाउँपालिका भित्रका ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यक्षेत्रका कृषि प्राविधिकहरुको प्राविधिक सल्लाह अनुसार उन्नत धानको बीउ तोकिएको जात र दररेटमा आवश्यक परिमाणमा वडा कार्यालय तथा कृषि विकास शाखामा कागजात सहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले प्रकाशित गरेको सूचना यसै सूचना साथ संलग्न गरिएको छ ।

**आवश्यक कागजातहरुः**

- जात र परिमाणको विवरण खुल्ने निवेदन पत्र।
- नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपि।
- संस्थाको दर्ता तथा नविकरण प्रमाणपत्र, **(PAN/VAT)** दर्ता प्रमाण पत्र र अघिल्लो आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाण पत्र प्रतिलिपीहरु।
- समूह/सहकारी कार्यसमितिको निर्णय प्रतिलिपि।
- **उन्नत धान बीउको** पर्न आउने ५० प्रतिशत रकम जम्मा गर्ने वडा कार्यालयको सिफारिस।
- समयसिमा भित्र वडाबाट माग नआएमा सुनकोशी गाउँपालिका धानको बीउ उपलब्ध गराउन बाध्य हुने छैन।

**थप जानकारी तथा वडा प्राविधिक सम्पर्कको लागि**

१) करिश्मा पराजुली (ना.प्रा.स.) ९८६०२६६३६३ (वडा नं. ७, ८, ९ र १०)
२) कुशल पहाडी (ना.प्रा.स.) ९८४२९२६८२६ (वडा नं. १, २, ३ र ४)
३) वडा नं. ५ र ६ का कृषकहरुले कृषि शाखामा सम्पर्क राख्न सक्नुहुनेछ।

...................................
(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

Email:- ito@sunkoshimunokhaldhunga.gov.np / sunkoshee@gmail.com CAO:-9852887800
Website:- www.sunkoshimunokhaldhunga.gov.np Info Officer:-9852887799
Facebook Page:- https://www.facebook.com/sunkoshirm.okhaldhunga

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
# बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
श्रीमहल, ललितपुर

## धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन तथा उन्नत बीउ बिजन प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति लगायतका विवरण प्रविष्ट गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२ चैत्र १९ गते बिहीबार)

संघ, प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वयमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति एवम् वितरण प्रणालीलाई सुदृढीकरण बनाई बीउ उत्पादक तथा प्रयोगकर्ता कृषकहरुलाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्वार प्रणाली मार्फत व्यवस्थापन गर्न स्वीकृत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम चालु आ.ब. २०८२/०८३ मा संघीय सशर्त बजेट मार्फत कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) बाट सञ्चालन हुने उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरू मार्फत सञ्चालन हुने उन्नत बीउ बिजनको प्रयोगमा मूल्य अनुदानमा सहभागी हुन बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.doanepal.gov.np मार्फत वा www.doanepal.gov.np वेबसाइटको DESES मा गई बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत राखिएको उन्नत बीउ उत्पादनमा प्रोत्साहन र उन्नत बीउ प्रयोगमा मूल्य अनुदानमा गई देहाय बमोजिमका शर्तहरू तथा समय सीमा भित्र तोकिएका कागजातहरू अपलोड गरी अनलाइन रजिष्ट्रेसन (यस अघि रजिष्ट्रेसन भएकाले पुन: रजिष्ट्रेसन गर्न नपर्ने, सोझै लग इन गर्न सक्ने) भई बीउ उत्पादकले उक्त प्रणालीको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान सभागमा धानको उन्नत बीउ आपूर्ति विवरण तथा सम्बन्धित स्थानीय तहहरूले आ-आफ्नो स्थानीय तहमा कृषकहरूबाट धानको उन्नत बीउको माग संकलन गरी यस कार्यक्रमका लागि विनियोजित संघीय सशर्त बजेटबाट ५० प्रतिशत मूल्य अनुदान उपलब्ध गराउन सकिने धानको उन्नत बीउको परिमाण मात्र उन्नत बीउ प्रयोगमा मूल्य अनुदान सभागमा माग विवरण प्रविष्ट गर्नुहुन सुचित गरिन्छ।

**शर्त/बन्देज तथा समय सीमा:**

१. धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा प्रयोगमा मूल्य अनुदान उपलब्ध हुने धानका जात/प्रोत्साहन/मूल्य अनुदान देहाय बमोजिम हुनेछ।

| बीउको प्रकृति | जातहरू | उन्नत बीउको मूल्य (रु. प्रति के.जी.) | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान रकम (रु. प्रति के.जी.) | उन्नत बीउ प्रयोगमा कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु. प्रति के.जी.) |
|---|---|---|---|---|
| मोटो/मध्यम प्रकृतिका जातहरु | बहुगुणी-१, बहुगुणी-२, सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, सुख्खा धान-४, सुख्खा धान-५, सुख्खा धान-६, हर्दिनाथ-२, हर्दिनाथ-३, हर्दिनाथ-४, हर्दिनाथ-५, साबित्री, स्वर्णा सब-१, राधा-४, राधा-७, राधा-११, राधा-१२, राधा-१३, राधा-१४, मकवानपुर-१, चैते-२, चैते-६, सेहराङ्ग सब-१, तरहरा-१, घैया-३, गंगासागर-१, गंगासागर-२, लोकतन्त्र | ६९ | १७ | यस तालिकामा उल्लेख भएको मूल्यमा कार्यविधिको दफा ८(३) को खण्ड (छ) अनुसार कायम हुने मूल्यको ५० प्रतिशत मूल्य अनुदान उपलब्ध हुने। |
| मसिनो प्रकृतिका जातहरु | हर्दिनाथ-१, साँबा मंसुली सब-१, हर्दिनाथ साबाँ मन्सुली, रामधान, चैते-५, हर्दिनाथ-६, तरहरा धान -२ | ७२ | २२ | |
| खुमल श्रृंखलाका जातहरु, मसिनो र बासनादार एवम् उच्च पहाडी क्षेत्रका लागि उपयुक्त जातहरू | खुमल-४, खुमल-६, खुमल-१०, खुमल-११, खुमल-१२, खुमल-१३, खुमल-१४, खुमल बासमती-१६, खुमल-१८, सुगन्धित धान-१, लल्का बासमती, सुनौलो सुगन्धा, सुद्धोधन कालानमक, पोखेली जेठोबुढो, छोमरोङ्ग, माछापुच्छे-३, चन्दननाथ-१, चन्दननाथ-३, लेकाली धान-१, लेकाली धान-३ | ११० | ३० | |

२. बीउ व्यवसायी अनुमतिपत्र लिएका बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानमा सहभागी हुन पाउने छन्।

३. धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवेदन गर्ने उन्नत बीउ उत्पादकले शर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको मूल्यमा बीउ प्रशोधन, बीउ उपचार लगायत बीउ उत्पादनका सबै शर्तहरू पुरा गरी गुणस्तरीय ट्यागिङ्ग, ब्यागिङ्ग तथा लेबलिङ्ग भएको उन्नत बीउ उपलब्ध गराउनुपर्नेछ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्न चाहने आवेदक तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको बासलात बमोजिम अनिवार्य रूपमा बीउको आपूर्ति तथा बितरण गर्नुपर्नेछ।

५. रजिष्ट्रेसन/लग इन प्रारम्भ मिति: २०८२ चैत्र १९ गते बिहीबार

६. रजिष्ट्रेसन समाप्त हुने मिति: २०८२ चैत्र २५ गते बुधबार

७. DESES मार्फत सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग तथा बीउ उत्पादकले आपूर्ति तथा विवरण प्रविष्ट गर्ने अन्तिम मिति: २०८३ बैशाख १० गते बिहीबार

८. थप जानकारीका लागि www.moald.gov.np / www.doanepal.gov.np मा राखिएको बीउ बिजन उत्पादन आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२ हेर्न सकिनेछ र बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर सम्पर्क: ०१-५४२११५१, ९८६८९४१४६७, ९८५१२०९२६६, ९८४१०८१०३० तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरू।